आज मिति २०८१।०६।१४ आइतबारका दिन यस खोटेहाङ गाउँपालिकाको १४६ औं कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा बसि देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा तपसिल बमोजिमका निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं तडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

आमन्त्रित:

प्रदीप आचार्य, वडा सदस्य -८.

## ...२०८१ असोज १४ गते कार्यपालिकाको १४६ औं बैठकको प्रस्तावहरु

१) खोटेहाङ गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ संशोधन सम्बन्धमा
२) खोटेहाङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८१ सम्बन्धमा छलफल
३) चिस्यान केन्द्रको म्याद थप सम्बन्धमा
४) वैदेशिक रोजगारीमा मृत्यु भएकाहरुको सन्ततिलाई छात्रवृत्ती उपलब्ध
५) विविध

...हरु:

...व नं. १ को खोटेहाङ गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धमा ...ल गर्दा उक्त कार्यविधिको बुँदा ३. को समितिको गठन सम्बन्धमा देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी ...धि संशोधन गर्नुका साथै कार्यविधिको (दफा ५(३) सँग सम्बन्धित) अनुसूची-२ मा रहेको प्राविधिक, नर्सिङ तथा ...टिक्स, तथा कार्यालय सहायक उम्मेदवारका लागि दिइने अंकभार फारामको ढाँचालाई पूर्ण रुपमा हटाउने र सोही ...धिको (दफा ५(३) सँग सम्बन्धित) अनुसूची-३ को सवारी चालक तथा कार्यालय सहयोगी उम्मेदवारका लागि दिइने ...र फारामको ढाँचामा उल्लिखित शैक्षिक योग्यताको सम्बन्धमा १.२ को एस एल सि पास भएको बुँदालाई हटाई ...मोजिम हुने गरी कार्यविधि संशोधन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

| क्र.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | **शैक्षिक योग्यता** | २० |
| १.१ | प्रविणता प्रमाण पत्र तह वा सो भन्दा माथि | २० |
| १.२ | कक्षा १० उतिर्ण भएको | १९ |
| १.३ | अन्य | १८ |

...व नं. २ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्वन कार्यविधि २०७७ लाई ...रुपमा खारेज गरी खोटेहाङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्वन कार्यविधि २०८१ देहाय बमोजिम ...गरी सर्वसम्मतले निर्णय गरियो।

**खोटेहाङ गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि, २०८१**

**खोटेहाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खोटाङ बजार, खोटाङ ।**
**कोशी प्रदेश, नेपाल**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिका, खोटाङ र श्री आर.एस./वि.के.एस.के.जे.भी., काठमाडौं बीच मिति २०७९।११।२८ गते कृषि उपजको भण्डारण गृह तथा शीत गृह निर्माण (KRM/Works/NCB-03/079-080) कार्यको सम्झौता भइ मिति २०८१।०६।०६ गतेसम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाइएकोमा विभिन्न समस्याको कारण आर.एस./वि.के.एस.के.जे.भी. ले उक्त कार्यसम्पन्न समयावधिभित्र तोकिएको कार्य गर्न नसकिएको हुदाँ मिति २०८१।४।०२ गतेको पत्रबाट म्याद थप गरी पाउँ भनि निवेदन पेश गर्नुभएकोमा संघीय सरकारबाट प्राप्त हुनुपर्ने विशेष अनुदान बापतको रकम प्राप्त नभएको हुँदा पालिकाले पनि समयमै बील भुक्तानी दिन नसकेकाले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को कानूनी प्रावधान बमोजिम कृषि उपज भण्डारण गृह तथा शीत गृह निर्माण योजनको म्याद यही मिति २०८२।०३।२० गतेसम्मका लागि म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिका, खोटाङ स्थायी ठेगाना भइ हाल विश्वका विभिन्न मुलुकहरुमा वैदेशिक रोजगारीमा गइ मृत्यु, अंगभंग वा बिरामी परेका व्यक्तिहरुको सन्ततीलाई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्तिमा खोटेहाङ गाउँपालिकामा योग्यता पुगेका सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत तपसिलका विद्यार्थीहरुलाई उक्त छात्रवृत्ति कार्यक्रममा सहभागिताको लागि वैदेशिक रोजगार बोर्डको सचिवालय, काठमाडौंमा लेखि पठाउने निर्णय सर्वसम्मतले पारित गरियो।

तपसिल

| क्र.सं. | मृत्यु, अंगभंग वा बिरामी परेको कामदार व्यक्तिको नाम | ठेगाना | छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाको नाम | अध्ययनरत विद्यालयको नाम | छात्रवृत्ति बापत प्राप्त गर्ने जम्मा रकम | कैफित |
|---|---|---|---|---|---|---|
| १ | अनिल राई | खोटेहाङ गाउँपालिका-५, खोटाङ | निसाम राई, | Kalyan English Secondary Boarding School | १२०००।- | |
| | | | रोशन विष्ट | साजीलाल मा.वि. | १६०००।- | |
| २ | गोपाल विष्ट | खोटेहाङ गाउँपालिका-५, खोटाङ | रोजन विष्ट | सप्तकन्या मा.वि., खोटेहाङ गा.पा. ५ खोटाङ | १६०००।- | |
| | | | पुजन विष्ट | | १२०००।- | |

प्रस्ताव नं. ५ को विविध सम्बन्धमा निर्णय गर्नुपर्ने कुनैपनि विषय नरहेकोले आजको बैठक समापन गरियो।